# युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७४

कार्यपालिका वाट प्रमाणिकरण भएको मिति : २०७४।०९।०५

प्रमुख प्रशासकीय अधिकृत

## छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

### पशु सेवा शाखा

जोरपाटी, धनकुटा, १ नं. प्रदेश, नेपाल

युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४

पृष्ठभूमि :

देशको कूल ग्राहस्थ्य उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पस्ट छ । नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार जति उत्पादनशिल युवाहरु बैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायीकरणबाट आय आर्जन बडाउने उदेश्यले युवा लक्षित कार्यक्रम अर्न्तगत बिशेष पशु उत्पादन (डेरी, बाखा, बंगुर र पशु सेवा बजार प्रवर्द्धन कार्यक्रम संचालनार्थ प्रतिस्पर्धि रुपमा अनुदान प्रवाह गर्न नेपाल सरकारले आ. ब. २०७०।७१ देखि यूवा लक्षित फार्म प्रवर्द्धन अनुदान कार्यक्रम सन्चालन गरेको उक्त कार्यक्रमको निरन्तरता र थप प्रभावकारी रुपमा सन्चालन गर्न पशु सेवा बिभाग अर्न्तगत युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि जारी भएको, स्थानिय तह द्वारा संशोधन स्वीकृत गरी युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ जारी गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्य विधिको नाम-पशुसेवा शाखा अन्तर्गत संचालित यूवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ रहेको छ ।

(ख) यो कार्य विधि छथरजोरपाटि गाउपालिका बाट स्वीकृत भएको मिती बाट प्रारम्भ हुने छ ।

**२.परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा :

**क) युवा लक्षित कार्यक्रम ( Youth Focused Program )** : भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजी सहितको ब्याबसायीक पशु उत्पादन, ब्याबसायीक गाई, भैसी पालन ब्यावसायीक बंगुर प्रवर्द्धन, बाखा प्रवर्द्धन र पशुपंक्षि बजार प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

**ख) युवा** : भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका नेपाली नागरीक भने बुझ्नु पर्दछ ।

**ग) समिति** : भन्नाले स्थानियतह कृषि/पशु बिकाश समितिलाई जनाउदछ ।

**घ) स्कीम/परीयोजना** : भन्नाले पशु उत्पादन (ब्याबसायीक गाई भैसी पालन), ब्याबसायीक बंगुर प्रवर्द्धन, बाखा प्रवर्द्धन, र पशुपंक्षि बजार प्रवर्द्धन कार्यक्रम सन्चालनको लागी तयार गरिएको प्रस्ताव भन्ने बुझ्नु पर्छ ।

**ङ) पशु बिकाश कार्यदल** : भन्नाले स्थानियतहमा पशुविकास सम्वन्धि कार्यक्रमहरुको पहिचान गरी तर्जुमा कार्यान्वयन र अनुगमन मुल्याङकन का लागि तोकीएबमोजिमका पदाधिकारी रहनेगरी गठन भएको कार्यदल लाई जनाउदछ ।

**३.उदेश्य** :

यस कार्यविधिका उदेश्य देहाय बमोजीम रहेको छ ।

क) गाई/भैसी पालन फार्म, बंगुर पालन फार्म, भेडा/बाखा पालन फार्म, र पशुपंक्षि बजार प्रवर्द्धन सुम्बन्धी ब्याबसाय सन्चालनको लागी आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धीरुपमा अनुदान प्रदान गर्ने ।

ख) स्वदेशमा स्वरोजगारका अबसरहरु श्रृजना गरी रोजगारीको लागी बिदेसिने कम न्यूनिकरण गर्न सहयोग गर्ने ।

ग) युवाहरुको आय आर्जनमा टेवा पुर्याइ कृषक परीबारको जीबन स्तरमा सुधार ल्याउन सहयोग पुचाउने ।

**परिच्छेद - २**

युवा लक्षित बिशेष पशु उत्पादन (ब्यावसायीक गाई, भैसी पालन) कार्यक्रम

**४. युवा लक्षित बिशेष पशु उत्पादन ( ब्यावसायीक गाई, भैसी पालन ) कार्यक्रम सन्चालन प्रकृया :**

युवा लक्षित बिशेष पशु उत्पादन ( ब्यावसायीक गाई, भैसी पालन ) कार्यक्रम सन्चालन प्रकृया देहाय बमोजीम हुने छ

**क) स्कीम अवधी** : यो कार्यक्रम नेपाल सरकारको अनुदान तथा स्थानिय तहले कार्यक्रम स्वीकृत गरे बमोजीम अवधि सम्म सञ्चालन हुने छ ।

**ख) स्कीमका लागी छनोटका आधारहरु :** व्यावसायिक गाई भैसी पालन गरी आएका छथरजोरपाटि गाउँपालिकाका सवै वडाहरुमा संभाव्यताको आधारमा स्थानिय तह वा सम्वन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको गाई भैसी पालन फार्म हुनु पर्नेछ ।

**ग) व्यावसायीक गाई, भैसी फार्मको बर्गीकरण**

फार्मलाई ३ बर्गमा विभाजन गरीने छ ।

**१) साना व्यावसायीक गाई, भैसी फार्म :** यस कार्यक्रमको लागी ४-१० वटा उन्नत दुधालु गाई वा भैसी पालन गरी दुध उत्पादन व्यावसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ ।

**२) मझौला स्तरका व्यावसायीक गाई, भैसी फार्म :** ११ देखि २० वटा सम्म उन्नत दुधालु गाई वा भैसी पालन गरी दुध उत्पादन व्यावसाय शुरु गरी आएका फार्मलाई मानीने छ ।

**३) ठूला व्यावसायीक फार्म :** २१ वटा भन्दा माथि उन्नत दुधालु गाई वा भैसी पालन गरि दुध उत्पादन/ प्रशोधन व्यावसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागी उपलब्ध गराईने अनुदान सहयोग :**

**१) साना व्यावसायीक गाई, भैसी फार्मको सुदृढीकरणका लागी :** उन्नत गाई, भैसी खरीद गरी व्यवसाय संचालन गरेका, बिमा गरीएका प्रती गाई भैसी फार्म लाई रु.५०,०००। (पचास हजार) सम्म नगद अनुदान उपलब्द गराईने छ ।

**२) मझौला स्तरका व्यावसायीक गाई, भैसी फार्मको सुदृढीकरणका लागी :** उन्नत गाई, भैसी खरीद गरी व्यवसाय संचालन गरेका, बिमा गरीएका प्रती गाई भैसी फार्म लाई रु.१,०००००। (एक लाख) सम्म नगद अनुदान उपलब्द गराईने छ ।

**३) ठूला व्यावसायीक फार्म :** उन्नत गाई, भैसी खरीद गरी व्यवसाय संचालन गरेका, बिमा गरीएका प्रती गाई भैसी फार्म लाई रु.२,०००००। (दुई लाख) वा सो भन्दा माथी नगद अनुदान उपलब्द गराईने छ ।

**कृयाकलापहरु**

**फर्म सुदृढीकरण संग सम्बन्धित कार्यहरु**

गोठ निर्माण सुधार तथा फार्म सुरक्षा (बार बन्देज) जैबिक सुरक्षा आदी ।

पशु प्रजनन् , आहार (घास) तथा अन्य व्यावस्थापकीय कार्य (कृत्रिम गर्भाधान उपकरण, ग्राइन्डर, च्याफकटर, मिनरल ब्लक निर्माण, काउम्याट, मिल्क क्यान, ह्वील ब्यारो आदी खरिद गर्न सकिनेछ)

**अनुदान दिइने आधारहरु :**

- ४ देखि ९ दूधालु गाई वा दुधालु भैसी भएका फार्मलाई अधिकतम रु. ५०,००० सम्म
- १० देखि १५ दूधालु गाई वा दुधालु भैसी भएका फार्मलाई अधिकतम रु. १,००,००० सम्म
- १६ देखि २५ दूधालु गाई वा दुधालु भैसी भएका फार्मलाई अधिकतम रु. २,००,००० सम्म
- २६ देखि माथि दूधालु गाई वा दुधालु भैसी भएका राष्ट्रिय रुपमा प्रतिस्पर्धामा आउन सक्ने फार्मलाई अधिकतम रु. ३,००,००० देखि ५००००० सम्म

**४) फार्म यान्त्रीकरण लागी दिईने अनुदान सहयोग :** उन्नत दुधालु गाई/भैसी २६ भन्दा माथी पालन गरी व्यावसाय गरेका ठुला व्यावसायीक गाई, भैसी पालन फार्महरुलाई यान्त्रीकरणको लागी तपशिलमा उल्लेखित मेशिनरी औजार खरीद गर्न प्रती फार्म बढीमा रु ५,००,०००/- (पाच लाख) प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराईने छ ।

- २६- ३५ दूधालु गाई वा दुधालु भैसी भएका फार्मलाई अधिकतम रु ३ ,२५,०००/-
- ३६- ५० दूधालु गाई वा दुधालु भैसी भएका फार्मलाई अधिकतम रु ३,५०,०००/-
- ५१- १०० दूधालु गाई वा दुधालु भैसी भएका फार्मलाई अधिकतम रु ५,००,०००/-

**फार्म यान्त्रीकरण संग सम्बन्धित कृयाकलापका लागी आवश्यक मेशिनरी औजारहरु :**

मिल्किङ्ग मेशिन/मिल्किङ्ग पालर/फोडर/फोरेज ब्लक मेशिन/यू.एम.एम.बि.मेशिन/बिधुतिय फिडर/ वाटरर/ मिल्क क्यान/ साईलो पिट/डिप बेल/डिप बोरिङ्ग/पाश्चुराईजर/मिल्क एनालाईजर/फ्रिजर/ चिलिङ्ग भ्याट आदि ।

**ङ) प्रस्ताव आव्हान :** व्यक्तिगत रुपमा युवा कृषकले वा साझेदारीमा उन्नत गाई भैसी फार्महरुले साना वा मझौला फार्म सुदृढिकरण वा ठूला व्यवसायीक फार्ममा यान्त्रिकरणका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी गाउपालिकाको कार्यालय पशु सेवा शाखामा पेश गर्ने गरी प्रस्ताव आवहान गरीने छ । प्रस्ताव आव्हान को सुचना अनुसुचि १ बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसुचि २ बमोजिम र कार्ययोजना अनुसुचि ३ क) बमोजिम ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मुल्याङकन :** १. प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सुचि सार्वजनिक खरिद ऐन ऐ ऐ नियमावली र प्रचलित आर्थिक नियामावली अनुसारका पदाधिकारीहरुको रोहभरमा मुचुल्का वनाई सम्वन्धित गाउपालिकाको कार्यालय, पशु सेवा शाखाले खुलाउने छ ।

२. च (१) मा प्रस्तावहरुको प्रारम्भिक छानविन स्थलगत निरिक्षण तथा अनुसुचिमा उल्लेखित आधारहरुलाई समेत लिई मुल्याङ्कन गर्नका लागि तपसिलका ३ सदस्यीय मुल्याङ्कन समिति रहने छ ।

**पशु विकाश कार्यदल, मुल्याङ्कन समितिको बनोट :**

१. स्थानियतहका पशु सेवा शाखा प्रमुख संयोजक १ जना

२. आर्थिक विकास समितिवाट तोकिएका प्रतिनिधि सदस्य १ जना

३. वडाकार्यालयहरुमा रहेका पशु सेवा उप शाखाहरु मध्ये वाट प्राविधिक प्रतिनिधि सदस्य १ जना

परिच्छेद - ३

युवा लक्षित व्यावसायीक बाखा प्रवर्द्धन कार्यक्रम

**५. युवा लक्षित बाखा फार्म प्रवर्द्धन कार्यक्रम सन्चालन प्रकृया :**

क) कार्यक्रम संचालन हुने क्षेत्रहरु : गाउपालिकाको कार्यालयवाट स्वीकृत भएका कार्यकमहरु पशु सेवा शाखाले यस कार्यविधी अनुसार गाउपालिका भित्रका क्षेत्रमा संचालन गर्न सक्नेछ ।

ख) कार्यक्रम संचालन अवधि : यो कार्यक्रम नेपाल सरकारको अनुदान तथा स्थानिय तह गाउपालिकाले कार्यक्रम स्वीकृत गरे बमोजीम अवधि सम्म संचालन हुने छ ।

ग) व्यावसायीक बाखा फार्मको बर्गीकरण : यस कार्यक्रम अन्तर्गत व्यावसायीक बाखा फार्महरुलाई निम्नानुसार बर्गीकरण गरिने छ ।

**(१) निजी व्यावसायीक बाखा पालन फार्म :**

- न्यूनतम ३० देखि ५० वटा प्रजनन् योग्य माउ बाखा वा सो वरावरको बाखा पालन गरिरहेका फार्महरुलाई साना निजी व्यावसायीक बाखापालन फार्म मानिने छ ।
- ५१ देखि ७५ वटा प्रजनन् योग्य माउ बाखा वा सो वरावरको बाखा पालन गरिरहेका फार्महरुलाई मझौला निजी व्यावसायीक बाखापालन फार्म मानिने छ ।
- ७६ वटा भन्दा माथिको संख्यामा प्रयोजन योग्य माउ बाखा वा सो वरावरको बाखा पालन गरिरहेका फार्महरु लाई ठुला निजी व्यावसायीक बाखा पालन फार्म मानिने छ ।

**(२) समूह वा समितीमा संचालन हुने व्यावसायीक बाखापालन फार्महरु :** कृषक समूह/समितिमा कम्तिमा ११ जना सदस्य भएको र प्रत्येक कृषक सदस्य संग १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखा पालन गरी व्यावसाय संचालन गरि रहेका समूह/समिति अन्तर्गतका सदस्यहरु लाई (मझौला फार्म सरह) व्यावसायीक मानिने छ ।

**(३) सहकारीमा संचालन हुने व्यावसायीक बाखापालन फार्महरु :** कम्तीमा २५ जना सदस्यहरुले प्रती सदस्य १० माउ बाखा पालन गरीरहेको सहकारीहरुलाई (ठूला फार्म सरह) व्यावसायीक मानिने छ ।

**घ) कार्यकमबाट उपलब्ध गराईने अनुदान रकम :**

(१) निजी व्यावसायीक साना फार्म प्रवर्द्धन/सुदृढिकरणका लागी बढीमा रु ५०,०००/-(पचासहजार)

(२) निजी व्यावसायीक मझौला फार्म वा समूह/समितीमा संचालित व्यावसायीक बाखापालन व्यवसाय प्रवर्द्धन/सुदृढिकरण का लागी बढीमा रु १,००,०००/-(एकलाख)

(३) ठुला निजी व्यावसायीक बाखा पालन फार्म वा सहकारीमा व्यावसायीक बाखापालन व्यवसाय प्रवर्द्धन / सुदृढिकरणका लागी रु २,००,०००/-(दुई लाख) वा सो भन्दा माथि अनुदान दिईनेछ ।

**ङ) अनुदान रकमको उपयोग :**

यस कार्यकमवाट उपलब्ध हुने रकमवाट व्यावसायीले बाखाको खोर निर्माण/सुधार ,जैविक सुरक्षाको लागी फेन्सिङ,डिपिङ ट्याक, घाँस बिकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरीद/कृ.ग. व्यावस्थापन वा आवश्यक

उपकरण खरीद, माउ बाखा खरीदमा उपयोग गर्न सक्ने छन् । यो रकमबाट बाखाको दाना, औषधी, खनीज पदार्थ लगायतका खपत हुने सामाग्रीहरु खरीद गर्न भने पाईने छैन ।

**च) कार्यक्रम संचालन प्रकृया** :

१) प्रस्ताव आव्हान : निजी फार्म/समूह/समिती/सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यावसायीक बाखापालन फार्म प्रवर्द्धन सुदृढिकरणका लागी गाउपालिकाको कार्यालय, पशुसेवा शाखाले राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसुची १ बमोजीम र अनुदान सहयोग प्राप्त गर्नको लागी दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव कमश: अनुसुची २ र ३ (ख) बमोजीम हुने छ ।

**छ) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजीम निर्धारित मिती र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन,ऐ,ऐ, नियमावली र प्रचलीत आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई सम्बन्धित पशु सेवा शाखले खाल्ने छ ।

२) छ (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानबिन, स्थलगत निरीक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागी ४ च २ अनुसारको पशु विकाश कार्यदल, मूल्यांकन समीतिले गर्नेछ ।

**ज) मूल्यांकनका आधारहरु :**

मूल्यांकनका आधारहरु अनुसुची ५ (ख) मा उल्लेख भए अनुसार हुने छन् ।

**झ) प्रस्तावहरुको स्वीकृति :**

१) मूल्यांकन समितिले अनुसुची ५ (ख) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागी कृषि पशु बिकास समितिमा पेश गर्नु पर्ने छ ।

२) स्वीकृति/अनुमोदनका लागी कृषि पशु बिकास समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै द्विविधा भए पशु बिकाश कार्यदल/कृषि पशु बिकास समितिले माथिल्लो निकाय संग सुझाव लिन सक्ने छ ।

३) कृषि पशु बिकास समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागी अनुसुची ४(क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित पशु सेवा शाखाको हुने छ ।

## परिच्छेद - ४

## युवा लक्षित व्यावसायीक बंगुर प्रवर्द्धन कार्यक्रम

**६. युवा लक्षित बंगुर पालन कार्यक्रम संचालन प्रकृया :**

**क) स्कीम संन्चालन प्रकृया देहाय बमोजीम हुने :**

१) स्कीम संचालन हुने क्षेत्रहरु : प्राथमिकताको आधारमा छनौट गरिने ।

२) स्कीम संचालन अवधि : यो कार्यक्रम नेपाल सरकार बाट अनुदान प्राप्त भए सम्म र स्थानिय तहले कार्यक्रम स्वकृत गरे बमोजिम अवधिसम्म संचालन हुनेछ ।

३) लक्षित वर्ग : ग्रामिण युवा, रोड कोरीडोर, लक्षित र बैदेशिक रोजगारबाट फर्किएका बिशेषत सम्बन्धित काममा दक्षता हासिल गरेका युवाहरुलाई मानव संसाधनको रुपमा रहेका १८ देखि ५० वर्ष उमेर समूहका व्यावसायीहरु । साथै सबै सामाजीक तथा पशुपालन समूहमा आवद्ध कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराईने छ ।

**ख) व्यावसायीक बंगुर पालनको बर्गीकरण :-**

यस स्कीम संचालन गर्नको लागी तपशिल बमोजीम ३ किसीमको बंगुर फार्महरु बर्गीकरण गरिने छ ।

१) साना बंगुर पालन फार्महरु :

यस कार्यक्रममा सहभागी हुने प्रयोजनको लागी सम्बन्धित निकायमा व्यवसायी फार्म दर्ता भई खोर निर्माण कार्य पुरा गरी बंगुरपालन शुरु गर्न तयारी अवस्थामा रहेका वा पाठापाठी उत्पादनका लागी भए कम्तीमा ४ वटा देखि ७ माउ र मासु उत्पादनको लागी भए कम्तीमा १० वटा भन्दा माथी वयस्क बंगुरको संख्यामा बंगुर पालन गरी आएका व्यवसायीहरु हुनु पर्ने छ ।

२) मझौला स्तरका बंगुरपालन फार्महरु :

प्रमुख प्रशासकीय अधिकृत

यस कार्यक्रममा सहभागी हुने प्रयोजनको लागी सम्वन्धित निकायमा व्यवसायी फार्म दर्ता भई खोर निर्माण कार्य पुरा गरी बंगुरपालन शुरु गर्न तयारी अवस्थामा रहेका वा पाठापाठी उत्पादनका लागी भए कम्तीमा ८ वटा देखि १२ माउ र मासु उत्पादनको लागी भए कम्तीमा १५ देखि २५ वटा पाठापाठीको संख्यामा व्यावसाय शुरु गरेको साझेदारी फार्म व्यावसायीहरुलाई मझौला स्तरका व्यावसायीक फार्महरु मानीने छ ।

३) ठूला व्यवसायीक फार्महरु :

यस कार्यक्रममा सहभागी हुने प्रयोजनको लागी सम्वन्धित निकायमा व्यवसायी फार्म दर्ता भई खोर निर्माण कार्य पुरा गरी बंगुरपालन शुरु गर्न तयारी अवस्थामा रहेका वा पाठापाठी उत्पादनका लागी भए कम्तीमा १३ वटा देखि माथि र मासु उत्पादनको लागी भए कम्तीमा २६ देखि माथि पाठापाठीको संख्यामा व्यावसाय शुरु गरेको साझेदारी फार्म व्यावसायीहरुलाई ठूला स्तरका व्यावसायीक फार्महरु मानिने छ ।

**ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम :**

(१) व्यावसायी बंगुरपालन फार्म (साना) प्रवर्द्ध/सुदृढिकरणका लागी बढीमा रु ५०,०००/- (पचास हजार)

(२) व्यावसायी बंगुरपालन फार्म ( मझौला स्तरका ) प्रवर्द्धन/सुदृढिकरणका लागी बढीमा रु १,००,०००/- (एक लाख हजार)

(३) व्यावसायी बंगुरपालन फार्म (ठूला) प्रवर्द्धन/सुदृढिकरणका लागी बढीमा रु २,००,०००/- (दुई लाख )

**घ) रकमको उपयोग :**

१. यस कार्यक्रमबाट उपलब्ध गराईने अनुदान रकमले बंगुरपालन फार्महरुले बंगुरको प्रजनन् योग्य उमेरका भाले तथा पोथी बंगुर खरीद गर्न, खोर निर्माण, मर्मत सम्भार तथा खर्च भएर नजाने उपकरण सामाग्री ग्रेण्डर मिक्चर, पिक क्याचर, टिट कटर, गोबरग्यास प्लान्ट निमार्ण आदीमा खर्च गर्न पाईने छ ।

**ङ) प्रस्ताव आहवान :**

प्रत्येक वर्ष निजी वा साझेदारी व्यावसायीक बंगुरपालन फार्महरुबाट अनुसूची १ अनुसार प्रस्ताव आहवान गरीने छ । उक्त प्रस्तावको आहवान गाउपालिकाको कार्यालय बाट हुने छ । ईच्छुक युवाहरुले आबेदनको साथमा अनुसूची ३ (ग ) बमोजीमको कार्ययोजना सहीत प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची २ अनुसार पेश गर्नु पर्ने छ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजीम निर्धारित मिती र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन,ऐ.ऐ, नियमावली र प्रचलीत आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहबरमा मुचुल्का बनाई सम्वन्धित पशु सेवा शाखाले खाल्ने छ ।

२) छ (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरीक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागी ४ च २ अनुसारको पशु विकाश कार्यदल, मूल्यांकन समीतिले गर्नेछ ।

**छ) मूल्यांकनका आधारहरु :**

मूल्यांकनका आधारहरु अनुसूची ५ (ग) मा उल्लेख भए बमोजीम हुने छन् ।

**ज) प्रस्तावहरुको स्वीकृती :**

१) मूल्यांकन समितीले अनुसूची ५ (ग) बमोजीमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृती/अनुमोदनका लागी कृषि पशु विकास समितीमा पेश गर्नु पर्ने छ ।

**कृषि पशु बिकास समिती देहाय बमोजिम हुने ।**

१ स्थानिय तह गाउपालिका अध्यक्ष प्रमुख संयोजक १ जना
२ स्थानिय तह गाउकार्यापालिका पमुख प्रशासकीय अधिकृत सदस्य सचिव १ जना
३ स्थानिय तह पशु सेवा शाखा प्रमुख सदस्य १ जना

२) स्वीकृती/अनुमोदनका लागी कृषि पशु बिकास समितीमा पेश भएका प्रस्तावहरुको सम्वन्धमा कुनै दुविधा भए पशु बिकाश कार्यदल/कृषि पशु बिकास समितीले केन्द्रीय वा प्रदेश संग राय तथा सुझाव लिन सक्ने छ ।

३) कृषि पशु बिकास समितीमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागी अनुसूची ४ (क) बमोजीम संझौता गर्ने दायित्व सम्वन्धित पशु सेवा शाखाको हुने छ ।

परिच्छेद - ५

युवा लक्षित पशु पंक्षी वजार प्रवर्द्धन कार्यक्रम

**७. युवा लक्षित पशुपंक्षि वजार प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया :**

क) छथर जोरपाटि गाउपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय स्तरको पत्रिका तथा आफ्नो वेवसाईडमा पशुजन्य उत्पादनहरुको वजार प्रवर्द्धन गर्न प्रथम चौमासीक अवधि भित्र ३५ दिनेको सुचना प्रकाशन गरी तपशिल बमोजिम कृयाकलाप संचालनको लागी प्रस्ताव माग गर्ने छ ।

१. चिलिंग भ्याट स्थापना तथा संचालन
२. डेरी पसल निर्माण सुधार
३. मासु पसल निमार्ण सुधार
४. छाला संकलन
५. स्थानिय स्तरमा जुत्ता तथा छालाका सामाग्रिहरु उत्पादन
६. स्थानिय स्तरमा उपलब्ध भेडा को उन प्रसोधन तथा सामाग्रि उत्पादन
७. विविध पशुजन्य उत्पादनहरुको वजारीकरण सम्वन्धि कार्यक्रमहरु

ख) सुचना प्रकाश भए पश्चात ईच्छुक वेरोजगार युवाहरुले अनुसुचि २ अनुसारको निवेदन र अनुसुचि ३ (घ ) वमोजिमको सिलवन्दी व्यवसायीक प्रस्ताव पशु सेवा शाखामा दर्ता गर्नु पर्ने छ ।

ग) प्रस्ताव पेश गर्दा अनुसुचि २ अनुसारको कागजातहरु अनिवार्य रुपमा समावेश हुनु पर्नेछ ।

घ) स्वीकृत वार्षिक कार्यक्रम वजेटमा उल्लेखित लक्षको आधारमा छनौट र स्वीकृत गरिनेछ ।

ङ) प्रस्ताव आव्हान भए बमोजीम निर्धारित मिती र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन,ऐ,ऐ, नियमावली र प्रचलीत आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई सम्वन्धित पशु सेवा शाखाले खोल्ने छ ।

च) प्राप्त हुन आएका प्रस्तावहरुको स्थान ठेगाना अनुसार व्यवसायको थालनी, व्यवसाय संचालन गर्न उपयुक्तता, सम्भाव्ता भएको वा के कस्तो अवस्थामा छ सो को स्थलगत निरिक्षण समेत गरी अनुसुचि ५(घ) को आधारमा प्रस्तावहरु छनौट गरीनेछ ।

छ) ७ (च) अनुसार छनौट भएका प्रस्तावहरु कृषि पशु विकाश समितिमा अनुमोदन स्वीकृत भए पस्चात प्रस्तावक संग अनुसुचि ४ (ख) अनुसार द्विपक्षिय सम्झौता पशु सेवा शाखाले गर्नेछ ।

ज) द्विपक्षिय सम्झौता पस्चात अनुदान रकम २ किस्तामा उपलब्ध गराईने छ । पहिलो ५० प्रतिशत रकम पेश्की र वाकि ५० प्रतिशत रकम कार्य सम्पन्न भए पछि उपलब्ध गराईने छ वा सम्झौता मुताविकका सम्पुर्ण काम भै सके पश्चात आवस्यक कागजात र विल भपाईको आधारमा एकमुष्ठ भुक्तानी दिईनेछ ।

झ) छनौट समिति : पशु विकाश कार्यदल, मुल्याङ्न समितिले प्राप्त प्रस्तावहरु छनौट गर्न तपशिल अनुसारको छनौट समिति गठन गरीनेछ ।

१. स्थानिय तहका पशु सेवा शाखा प्रमुख संयोजक १ जना
२. आर्थिक विकास समितिवाट तोकिएका प्रतिनिधि सदस्य १ जना
३. वर्डाकार्यालयहरुमा रहेका पशु सेवा उप शाखाहरु मध्ये वाट प्राविधिक प्रतिनिधि सदस्य १ जना

ञ) कार्यक्रम संचालन, कार्ययोजना अनुसार गुणस्तरीय कार्य सम्पादन, संझौता अनुसारका सामाग्री वस्तुको खरिद, भए नभएको अनुगमन निरिक्षण गर्ने दाईत्व सम्बन्धित पशुसेवा शाखाको हुनेछ ।

परिच्छेद - ६

विविध

**८ अनुगमन तथा मुल्याङ्न व्यवस्था :** गाउपालिका, प्रदेश तथा केन्द्र सरकारले आवस्यकता अनुसार एवं सम्बन्धित पशु सेवा शाखा वाट नियमित अनुगमन गरीनेछ र सो को चौमासिक तथा वार्षिक लिखित प्रतिवेदन समेत पेश गरीने छ ।

९. **प्रगति प्रतिवेदन पेश गर्ने :** सम्बन्धित युवा उद्यमीले अनुसुचि ६ बमोजिम चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी पशु सेवा शाखामा पेश गर्नु पर्ने छ । प्रगति विवरण सन्तोष जनक भई व्यवसाय साना बाट मझौला, मझौला बाट ठुला फार्ममा स्तर उन्नती गरेमा युवा लक्षित कार्यक्रमको माथिल्लो तहको अनुदान कार्यक्रममा दोश्रो वर्ष सहभागी हुन पाउनेछ । तर अनुदान लिई स्तर उन्नती गर्न नसकेका व्यवसायीक फार्म / साझेदार व्यवसायीले कम्तीमा अनुदान लिएको २ आर्थिक वर्ष यस कार्यक्रममा समावेश हुन पाउने छैन्न ।

१०.**अनुदान रकमको उपयोगिता :** क) प्रस्तावकले पेश गरेको आफ्नो प्रस्ताव परियोजनामा उल्लेख भएको लागत रकमको ५० प्रतिशत वा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ ।

ख) युवा लक्षित कार्यक्रममा सहभागी प्रस्तावहरुको प्रस्ताव छनौटको क्रममा समान अंक हुन आएमा पहिलो दर्ता भएको प्रस्तावकलाई छनौट गरिनेछ ।

११. **कार्वाहिको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम (परियोजना) र सम्झौता अनुसारको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम बाकी सरह असुल उपर गरिनेछ ।

१२. **प्रचलित कानुन लागु हुने :** युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१३. **कार्यविधि संशोधन तथा परिमार्जन :** गाउपालिका ले यस कार्यविधिमा आवस्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

१४. **पशु बिमा :** हरेक युवा लक्षित कार्यक्रम अन्तंगत अनुदान लिने फार्महरुले पशुहरुको अनिवार्य रुपमा पशु बिमा गराए पस्चात दोश्रो किस्ता अनुदान रकम भुक्तानी गरीनेछ ।

१५. **खारेजी तथा बचाउ :**

क) नेपाल सरकार पशु सेवा बिभाग अन्तंगत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१, संशोधन गरीएको छ ।

ख) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१, बमोजिम पशु सेवा बिभाग क्षेत्रिय पशु सेवा निर्देशनालय र जिल्लापशु सेवा कायालर्यले संचालन गरी आएका सबै कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिने छ ।

अनुसुचि-१

........................कार्यालय

पशु उत्पादन गाई भैंसि पालन/बंगुर/बाख्रा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन सम्बन्धित युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हान सुचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति : ........................

यस कार्यालयको आ.व. .........को बार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (व्यवसायिक गाई भैसी पालन/बंगुर/बाख्रा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्न कार्यक्रम रहेको हुदा ईच्छुक १८ देखी ५० वर्ष उमेरका अर्ध बेरोजगार युवाहरुबाट दरखास्त' आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ। प्रस्तावक युवा साझेदारी फार्महरुले सम्बन्धित सरकारी निकाय बाट बिगत २ आर्थिक बर्ष सम्म समान प्रकृतीका (साना फार्महरुले पुनः साना, मझौला फार्महरुले पुनः मझौला र ठूला फार्महरुले पुनः ठुला अनुदान कार्यक्रममा सहभागी हुन नपाईने) नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए सोही प्रकृतिका अनुदान कार्यक्रममा समावेश हुनु पाउने छैनन। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१औं दिनको १२.०० बजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्बन्धित शाखामा राजस्व बापत रु.१०००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ। म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन। प्राप्त प्रस्तावहरुलाई पशु सेवा शाखा अर्न्तगत संचालित युवालक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ मा उल्लेख भएको मुल्याङ्नका आधारहरुमा मूल्याङ्न गरी प्रतिस्पर्धात्मक पद्धतिद्वारा सम्बन्धित स्तरका फार्महरुलाई पशु सेवा शाखाको स्वीकृत बजेट परिधिभित्र रही अनुदान रकम उपलब्ध गराईने व्यहोरा जानाकारी गराइन्छ। पुनस्चः कार्यविधिमा उल्लेख भए मुताबिकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सुचना द्वारा सुचित गरीन्छ।

तपसिल :

१. अनुसुची २ अनुसारको आवेदन फाराम।
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना।
३. नेपाली नागरिक्ताको प्रमाणित प्रतिलिपि।
४. वडा कार्यालयको सिफारीस।
५. अन्य प्रमाणित प्रमाण पत्रहरु (फार्म दर्ता, कर चुक्ता, सम्बन्धित विषयको तालिम, शैक्षिक योग्यता,भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिपिहरु।

अनुसुचि-२

पशु उत्पादन गाई भैंसि पालन/बंगुर/बाख्रा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन सम्वन्धि कार्यक्रमा अनुदान सहयोग प्राप्त गर्नका लागी दिईने आवेदन-पत्र को ढांचा

श्री प्रमुख ज्यू,
पशु सेवा शाखा
छथरजोरपाटि गाउपालिकाको कार्यालय, धनकुटा ।

विषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम (गाई भैंसि पालन/बंगुर/बाख्रा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन ) उपलब्ध गराई पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा यस गाउपालिका मिति .......... ...... गतेको ..... ..........मा प्रकाशित सूचना अनुसार मलाई उक्त अनुदान सहयोग प्राप्त गरी श्री ...... ....... (गाई भैंसि पालन/बंगुर/बाख्रा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन) संचालन/सुदृणीकरण गर्ने ईच्छा भएकोले निम्न कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित गाउपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संम्लग्न राखी यो निवेदन पेश गर्दछु ।

तपशिल

१. अनूसूची ३(क) अनुसारको संक्षिप्त (प्राविधिक तथा आर्थिक) कार्ययोजना ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी (समुह समितिको हकमा कार्यसमितिको मात्र) ।
३. सम्वन्धित निकायमा फार्म/समुह/सहकारी दर्ता भएको प्रमाणको प्रतिलिपी ।
४. अन्य प्रमाणित प्रमाण-पत्रहरु (सम्वन्धित विषयमा ७ दिन भन्दा माथि लिईएको तालिम ,शैक्षिक योग्यता, जग्गा भाडा संझौता) आदिका प्रतिलिपीहरु ।
५. वैदेशिक रोजगारबाट फर्केको हकमा पासपोर्टको प्रतिलिपी ।
६. पर्यावरणिय असर न्यूनीकरण गर्ने उपया र जैविक शुरक्षा सम्वन्धि विवरण ।
७. परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।
८. वडा कार्यालयको सिफारीस ।

निवेदक
दस्तखत :
नाम :
पद :
संस्थाको नाम :
ठेगाना :
मिति :
संस्थाको छाप :

अनुसुचि-३(क)

पशु उत्पादन गाई भैसि पालन/बंगुर/बाखा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ढाँचा ।

युवा लक्षित विशेष पशु उत्पादन व्यवसायीक गाई भैसी पालन कार्यक्रम

युवा/साझेदारी व्यावसायिक फार्मको नाम : ......................

ठेगाना : .................................. सम्पर्क मो.नं.

उद्योग सन्चालन गरिएको स्थान :

**युवा/साझेदारी व्यवसायिक गाई पालन फार्म संचालन गरिने कार्य विवरण :**

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

गाई पालन गरी आएको मिति :

फर्म दर्ता नं. मिति :

गाई को जात :

गाई को संख्या (हाल) : ...........(माउ/ कोरली/वाच्छा/वाच्छी को संख्या खुलाउने) साँढेको संख्या : ... ।

विमित पशुधनको संख्या : .......... विमा गर्न वाकी संख्या : कोरली ........... वाच्छा/वाच्छी : ...........

गाई पालन नयाँ थप गर्ने भए, थप गरीने जात :

गाई पाल्ने संख्या (थप) :

गाई पालन पद्धति :

घाँस खेती गरेको/गरिने क्षेत्रफल : .................... रोपनी

घाँसको किसिम : सेटेरीया,नेपियर अन्य स्थानिय /लोकल घासहरु भएको

डाले घासको किसिम र संख्या : ...................... ................. ...........

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक महिला संख्या : .. पुरुष संख्या : ....

ख) बाहिरबाट : छ/छैन ग) जम्मा : ....

उत्पादित बस्तुको बजार :

बार्षिक उत्पादित बस्तु : कच्चा दुध ...................... ली.

अपेक्षित बार्षिक प्रतिफल : प्रतिबर्ष खुद मुनाफा रु.१,०००००।-

**यूवा/साझेदारी व्यवसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको :**

दस्तखत :

नाम : संस्थाको छाप :

पद : मिति :

**युवा लक्षित विशेष पशु उत्पादन व्यवसायिक (गाई /भैसी पालन) संक्षिप्त प्राविधिक तथा आर्थिक कार्ययोजना प्रस्ताव :**

| क.सं. | विवरण | लागत | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २ | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

दस्तखत :

नाम : संस्थाको छाप :

पद : मिति :

अनुसुचि - ३(ख)

पशु उत्पादन गाई भैंसि पालन/बंगुर/वाखा प्रवर्द्धन/पशुपंछि वजार प्रवर्द्धन सम्बन्धि कार्यक्रको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ढाँचा ।

(व्यवसायीक बाखा फार्म प्रवर्द्धन कार्यक्रम)

१.व्यावसायको परिचय :

(क) युवा/साझेदारी व्यवसायिक फार्मको नाम :

(ख) ठेगाना : ........................... संम्पर्क नं. ........................

(ग) फार्म दर्ता नं./ मिति : .......................... ...

(घ) बाखाको जात : ..............................

(ङ) बाखाको संख्या हाल : ............... खसि- ........ पाठा/पाठी - .......

(च) विउको बोका संख्या : ........................ .

(छ) विमित पशुधनको संख्या : .............. ...................

(ज) विमा गर्न बाकी संख्या : ......माउ, कोरली ........., बोका/पाठा/पाठी .......

(झ) अन्य बाखा नयाँ थप गर्ने भए, थप गरीने जात : .......................

(ञ) बाखा पालन पद्धति : .....................

(ट) घाँस खेती गरेको/गरिने क्षेत्रफल : .......... रोपनी/ गर्ने क्षेत्रफल ......... रोपनी

(ठ) घाँसको किसिम : .......... .......... ..........

२. उद्देश्य :

(क) बाखा पालन बाट आय आर्जन गरी दैनिक गुजारा चलाउने ।

(ख) मुख्य पेशाको रुपमा बाखा पालन गरी आएकोले बाखाको नश्ल सुधार गर्ने ।

(ग) वैदेशीक रोजगारमा गई आर्थिक उन्नती गर्न नसकेको हुदा आर्थिक उन्नतीको लागी बाखा पालन कार्य लाई व्यावसायको रुपमा अंगाली व्यावसायिक बन्ने ।

(घ) ............................................

३. बाखा पालन व्यावसायको अनुभव : .................. ..................................

४.व्यावसाय संचालन गरीने स्थानको संक्षिप्त विवरण : ..............................

५. व्यावसाय संचालनका लागी रहेका पूर्वधारहरु :

(क)

(ख)

(ग)

६. युवा लक्षित विशेष पशु उत्पादन व्यवसायिक (बाखा पालन) कार्ययोजना प्रस्ताव :

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| कुल लागत | | | | |

७.व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक महिला संख्या : ... पुरुष संख्या : ....

ख) बाहिरबाट : ....... ग) जम्मा : .......

८.उत्पादित बस्तुको बजार : ................ ................

९.बार्षिक उत्पादित बस्तु बिक्रि : ......... ..................

१०.अपेक्षित बार्षिक प्रतिफल : .......... .......................

यूवा/साझेदारी व्यवसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको :

दस्तखत:

नाम : संस्थाको छाप:

पद : संचालक मिति :

युवा लक्षित विशेष पशु उत्पादन व्यवसायिक ( बाखा पालन) संक्षिप्त प्राविधिक तथा आर्थिक कार्ययोजना प्रस्ताव

| क्र.सं. | विवरण | लगत | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| | | | | |

यूवा/साझेदारी व्यवसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको :

दस्तखत:

नाम : संस्थाको छाप:

पद : मिति :

अनुसुचि-३(ग)

पशु उत्पादन गाई भैसि पालन/बंगुर/बाखा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ढाँचा ।

(युवा लक्षित व्यवसायीक बंगुर फार्म प्रवर्द्धन कार्यक्रम)

युवा/साझेदारी व्यवसायिक फार्मको नाम : ....................................... ........

ठेगाना : ........................ ..............    संम्पर्क नं. ..........................

उद्योग सन्चालन गरिएको स्थान : ................................................

यूवा/साझेदारी व्यवसायिक बंगुर पालन संचालन गरिने कार्य विवरण :

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बंगुर पालन गरी आएको मिति : ...... ...............

फार्म दर्ता नं./ मिति : ........................

बंगुरको जात : ............................ .....

बंगुरको संख्या हाल(माउ) : ...... (भाले) : पाठा/पाठी - ......    बिरको संख्या : .......

बिमित पशुधनको संख्या : ................... .............

बंगुर नयाँ थप गर्ने भए, थप गरीने जात : ............................

बंगुर पाल्ने संख्या (कुल) : ..................

बंगुर पालन पद्धति : ...............................

हरियो आहारा खेती गरेको/गरिने क्षेत्रफल : ...... रापनी गर्ने क्षेत्रफल ...... रापनी

थप गरीने हरीयो आहारको किसिम : ..........................................

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक महिला संख्या : .....  पुरुष संख्या : .....

ख) बाहिरबाट : ......    ग) जम्मा : ......

उत्पादित बस्तुको बजार : .........................

बार्षिक उत्पादित बस्तु : ..................

अपेक्षित बार्षिक प्रतिफल : ......................

युवा/साझेदारी व्यवसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको :

दस्तखत :

नाम : .. ..... .....    संस्थाको छाप : ......

पद :    मिति : .......

युवा लक्षित विशेष पशु उत्पादन व्यवसायिक (बंगुर पालन) संक्षिप्त प्राविधिक तथा आर्थिक कार्ययोजना प्रस्ताव :

| क्र.सं. | विवरण | लगत | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| | | | | |

दस्तखत :

नाम :

पद :

ठेगाना :

मिति :

संस्थाको छाप :

अनुसुचि-३(घ)

पशु उत्पादन गाई भैसि पालन/वंगुर/बाखा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन सम्वन्धि कार्यकको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ढाँचा।

(युवा लक्षित पशुपंक्षी प्रवर्द्धन कार्यक्रम)

प्रस्तापकको नाम ठेगाना : ............ संम्पर्क नं. ............

ठेगाना : ........................ व्यवसाय/उद्योग सन्चालन गरिएको स्थान : ........................

फार्म दर्ता कार्यालय दर्ता नं./ मिति : ........... ...............

भ्याट/पान नं. ..............

शैक्षिक योग्यता : ..................... तालिमको किसिम र अवधि : .....................

विदेशमा काम गरेर फर्केको भए काम गरेको देश : ........................................

विदेश बसेको अवधि : ............................................

उदेश्य : ....................

प्रस्तावित कार्यक्रमवाट हासिल हुने प्रमुख ५ उपलब्धिहरु

क)

ख)

ग)

प्रस्तावित योजना कार्यान्वयन गर्न स्थानमा विद्यमान भौतिक पुर्वाधारहरु

सडक : छ/छैन पक्की/कच्ची सडक दुरी : विद्युत : छ/छैन

नजिकको बजारको नाम : पानिको व्यवस्था : भएको/नभएको

प्रत्यक्ष लाभान्वित संख्या : लक्षित समुदाय तथा परिवार संख्या :

सम्पन्न गर्ने कार्याक्रमहरुको बुदागत विवरण :

क) ख) ग) घ)

कुल अननुमानित कार्यक्रम बजेट रु.

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

योजना/व्यावसाय समाप्ती पस्चात हासिल हुने ५ उपलब्धिहरु :

(क)

(ख)

(ग)

घ)

माथि उल्लेखित सम्पुर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु कहि कतै भुटो ठहरे कानुन वमोजिम सजाय भोग्न तयार समेत रहेको व्यहोरा अवगत गराउदछु।

दस्तखत:

नाम : संस्थाको छाप :

पद : मिति :

संस्थाको नाम :

अनुसुचि-४(क)

पशु उत्पादन गाई भैसि पालन/बंगुर/बाखा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र

गाउपालिकाको कार्यालय धनकुटा मार्फत संचालन गरिने चालु आ.व..............को स्वीकृत लक्षित गाई, भैसी पालन/बंगुर, बाखा प्रवर्द्धन कार्यक्रम संचालन गर्न पशु सेवा शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने ) विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ................ ....... ...................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशीलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ।

तपशिल

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजन अनुसार २ किस्तामा/ सोझै नगद वा प्रोपईटरको बैक खातामा जम्मा हुने गरी ड्राफ्ट, चेक वा कार्य विधि अनुसार सामाग्री अनुदान स्वरुप उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानाकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको गाई भैसी पालन/ बाखा/बंगुर प्रवर्द्धन व्यवसाय कार्यक्रम संचालन गर्ने छ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्ने छ।

४. गाई भैसी पालन/बाखा/बंगुर प्रवर्द्धन गर्ने व्यवसायी कृषकहरुले पशु बिमा अनिवार्य गर्नु पर्ने छ।

५. यस सम्झैतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन।

६. यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नेपाल कानुन बमोजीम हुने छ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| गाउपालिका/ पशु सेवा शाखाको तर्फ बाट सहि गर्ने | युवा उद्यमी/संस्थाको तर्फ बाट सहि गर्ने |
| नाम : | नाम : |
| पद: | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं. | सम्पर्क फोन नं. |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औठाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसुचि-४(ख)

**पशु उत्पादन गाई भैसि पालन/बंगुर/बाखा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र**

गाउपालिका, पशु सेवा शाखाको आ. व................को स्वीकृत यूवा लक्षित कार्यक्रम सन्चालन गर्नको लागी मिती.......... ......को राष्ट्रिय स्तरको पत्रिका.................मा प्रकाशित सूचना मुताबिक पेश हुन आएका प्रस्तावहरु मध्ये पशु विकाश कार्य दल/छनौट समितीले सम्पूर्ण कार्य सम्पादन गरी मिति...................मा बसेको कृषि पशु विकाश समितीको बैठकबाट श्री.................. (व्यवसायीको फार्म) को प्रस्ताव छनौट भएको हुँदा पशु सेवा शाखा ........ ......... (त्यस पछी प्रथम पक्ष भनिने) र श्री............................(त्यस पछि दोश्रो पक्ष भनिने) र बिच तपशिल अनुसारका शर्तहरु पालना गरी...................... कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौ/दियौ।

**तपसिल**

१.प्रस्तावित .....................कार्यक्रम जिल्ला ............गा.पा...........वडा नं.......... टोलको.......... .........भन्ने ठाउँमा मिती.......... सम्ममा सम्पन्न गरिने छ।

२. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालानार्थ कार्यक्रम स्वीकृत भई यो सम्झौता गरे पस्चात पहिलो किस्ता बापतको ५० प्रतिशत रकम कम्पनी, फार्म को बैक खातामा पेश्की स्वरुप उपलब्ध गराईने छ। दोश्रो किस्ता बापतको बाँकी ५० प्रतीशत अनुदान रकम कम्पनी, फार्मले परियोजना अनुसारको पुर्ण कार्यसम्पादन गरी बिल भरपाई पेश भए पस्चात दोश्रो किस्ता बापतको अनुदान रकम बैक खातामा भुक्तानी दिईने छ। वा प्रस्तावित परियोजना अनुसार पुर्ण कार्यसम्पन्न भए पश्चात आवस्यक कागजात बिल भपाईहरु पेश गरी एक मूष्ठ भूक्तानी दिन सकिने छ।

३. नेपाल सरकारको नियमानुसार ब्यावसाय दर्ता गरी प्रमाणतत्र लिने ,मूल्य अभिवृद्धी कर (VAT) दर्ता प्रमाण पत्र वा स्थाई लेखा नम्बर (PAN) प्रमाणपत्र लिई सकेको भए सोही बाट संचालन गर्ने र लिन बाकी भए अनिवार्य लिनु पर्ने छ।

४.प्रस्तावित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगाएतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुने छ।

५.प्रस्तावित कार्यक्रम स्थल ५ वर्ष अगावै सम्झौता मुताबिकको भन्दा अन्यत्र सारीने छैन। तथापि काबु बाहिरको अबस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृत अनीवार्य रुपमा लिनुपर्ने छ।

६. दोश्रो पक्षले कारण बस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकमबाट खरीद गरिएको उपकरण फिर्ता लिन सक्ने छ।

७. प्रस्तावित कार्यक्रम सन्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिबार्य गर्ने छ।

८. दोश्रो पक्षले नियमित रुपमा (कम्तीमा चौमासिक अवधिमा ) प्रगती बिवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने छ।

९. सम्झौता मुताबिकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा संभौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भएबराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्ने छ।

१०. प्रथम पक्षको तर्फबाट कुनैपनि समयमा हुने कार्यक्रमको निरिक्षण/अनुगमन/तालीम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुने छ।

११. सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलीत नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

नोट : सम्झौताका बुँदाहरु आवश्यक्ता अनुसार थपघट वा परिमार्जन गर्न सकिने छ।

दोश्रो पक्षको तर्फबाट
हस्ताक्षर :
नाम :
ठेगाना :
कार्यालयको छाप :
साक्षि :
हस्ताक्षर
नाम
ठेगाना

प्रथम पक्षको तर्फबाट
हस्ताक्षर
नाम :
पद :
कार्यालयको छाप :साक्षि :
हस्ताक्षर
नाम :
पद :

इति सम्वत .....................साल ...............महिना .............गते रोज ............शुभम्।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि-५ (क)

युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैसी पालन) कार्यक्रम संचालनका लागी छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्या योजना (२५) | व्यावसायको सम्भाव्यता/ उपयुक्तता (१०) | तालिम (१०) | पालिरहेको गाई भैसी को संख्या (२०) | घास विकाश गरेको जग्गाको क्षेत्रफल (१५) | वैदेशिक रोजगार बाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

| मुल्यांकन समितिका संयोजक : | मुल्यांकन समितिका सदस्य : | मुल्यांकन समितिका सदस्य : |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

१. विषयगत तालिम - क) ७ दिने ८ अंक
ख) १५ दिन ९ अंक
ग) ३० दिने वा सो भन्दा माथि १० अंक

२. घास विकाश गरिएको क्षेत्रफल - क) १५ रोपनी १३ अंक
ख) २० रोपनी १४ अंक
ग) २५ रोपनी वा सो भन्दा माथी १५ अंक

## अनुसुचि-५ (ख)

बाख्रा पालन व्यावसायको प्रस्ताव छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्या योजना (१५) | व्यावसायको सम्भाव्यता/ उपयुक्तता (१५) | शैक्षिक योग्यता (१०) | वैदेशिक रोजगार बाट फर्केको (१०) | बाख्रपालन सम्वन्धित तालिम प्राप्त (१५) | पालिरहेको बाख्रा को संख्या (१५) | घास खेति गरेको जग्गा वा चरन क्षेत्र विकाश गरेको क्षेत्रफल (२०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

मुल्यांकन समितिका संयोजक :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

१. विषयगत तालिम - क) ७ दिने १३ अंक
ख) १५ दिन १४ अंक
ग) ३० दिने वा सो भन्दा माथि १५ अंक

२. घास खेति वा चरन क्षेत्र विकाश गरिएको क्षेत्रफल - क) १५ रोपनी १८ अंक
ख) २० रोपनी १९ अंक
ग) २५ रोपनी वा सो भन्दा माथी २० अंक

३. शैक्षिक योग्यता :

| मुल्याङ्कनका आधार/अंक | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|
| शैक्षिक योग्यता | साधारण लेखपढ - एस एल सी | प्रमाण पत्र तह पास | स्नातक तह | स्नातकोत्तर वा सो भन्दा बढी |
| | | | | |

अनुसूचि-५ (ख)

यूवा लक्षित व्यावसायिक बंगुर प्रवर्द्धन कार्यक्रम संचालनका लागी छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु

| क.सं. | द.नं. | आवेदक को नाम | ठेगाना | प्रस्तावित कार्या योजना (२५) | व्यावसायको सम्भाव्यता/ उपयुक्तता (२५) | तालिम (२०) | पालिरहेको वा व्यवसाय शुरु गर्ने बंगर को संख्या (२०) | वैदेशिक रोजगार बाट फर्केको (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

| संयोजक | सदस्य | सदस्य |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

❖

१. व्यावसायको सम्भाव्यता/ उपयुक्तता

क) खोरको अवस्था - १० अंक

ख) दाना पानीको व्यवस्थापन - ५ अंक

ग) जैविक सुरक्षाको अवस्था - ५ अंक

घ) बगुरको जात - ५ अंक

२. विषयगत तालिम - क) ७ दिने १८ अंक

ख) १५ दिन १९ अंक

ग) ३० दिने वा सो भन्दा माथि २० अंक

अनुसूची-५ (घ)

यूवा लक्षित पशुपंक्षी वजार प्रवर्द्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु

| मुल्यांकनका आधारहरु/अंक | २५ | २० | १५ | १० | कैफियत |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | स्नातकोत्तर वा सो भन्दा वढी | स्नातक | प्रमाणपत्र तह | एस एल सि वा साधारण लेख पढ | विदेश बाट फर्केका युवाहरुको हकमा शैक्षिक योग्यताको र विदेश नगएका शिक्षित युवाहरुको हकमा विदेश वसेको अवधिको नम्बर गणना गरिने छ। |
| प्रस्ताव संग मेल खाने सम्वन्धित विषयको तालिम | ६ महिना भनदा बढीको | ३ देखि ६ महिना सम्मको | २ देखि ३ महिना सम्मको | २ महिना भन्दा कम | |
| विदेश वसेको अवधि | ४ वर्ष वा सो भन्दा वढी | ३ देखी ४ वर्ष सम्म | २ देखि ३ वर्ष सम्म | १ देखि २ वर्ष सम्म | |
| प्रत्यक्ष लाभान्वित हुने संख्या | ३०० परिवार भन्दा वढी | २०० देखि ३०० परिवार सम्म | १०० देखि २०० सम्म | १०० सम्म | |

अनुसूचि-६

**पशु उत्पादन गाई भैसि पालन/बंगुर/बाखा प्रवर्द्धन/पशुपंछि बजार प्रवर्द्धन कार्यक्रम संचालनको प्रगति विवरण पठाउने**

**ढाँचा**

१ उद्यमी कृषकको नाम : २ संचालित व्यवसायको नाम :

ठेगाना : ठेगाना:

आ.व........ प्रगति प्रतिवेदन अवधि : चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | ईकाई | लक्ष | प्रगति | आईपरेका बाधा अड्चनहरु | समाधानको लागी सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रतिईकाइ लागत उत्पादित पदार्थको स्थानिय बजारको बिक्रि मुल्य :

१.

२.

३.

४.

उद्यमी कृषकको नाम :

दस्तखत :

मिति :

प्रमाणिकरण गर्ने

श्री तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत
छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा १ नं. प्रदेश, नेपाल